(ङ) **“दर्ता गर्ने अधिकारी”** भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारीलाई सम्झनु पर्छ ।

(च) **“परिवार”** भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनीलाई सम्झनु पर्छ ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा-व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(छ) **“प्राथमिक पुँजी कोष”** भन्नाले सेयरपुँजी र जगेडा कोषलाई सम्झनु पर्छ ।

(ज) **“बचत”** भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्छ ।

(झ) **“मन्त्रालय”** भन्नाले सहकारीसम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालयलाई सम्झनु पर्छ ।

(ञ) **“मुख्य कारोबार”** भन्नाले संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तिमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबारलाई सम्झनु पर्छ ।

(ट) **“रजिष्ट्रार”** भन्नाले सङ्घीय सरकारअन्तर्गत सहकारी विभागको रजिष्ट्रारलाई सम्झनु पर्छ ।

(ठ) **“लेखा सुपरिवेक्षण समिति”** भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरिवेक्षण समितिलाई सम्झनु पर्छ ।

(ड) **“विभाग”** भन्नाले सङ्घीय सरकारको सहकारी विभागलाई सम्झनु पर्छ र सो शब्दले संघीय सरकारको सहकारी हेर्ने मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ ।

(ढ) **“विनियम”** भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियमलाई सम्झनु पर्छ ।

(ण) **“सङ्घीय कानुन”** भन्नाले व्यवस्थापिका संसदबाट जारी भएको सहकारी ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(त) **"संस्था"** भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थालाई सम्झनु पर्छ ।

(थ) **"संस्थाको व्यवसाय"** भन्नाले विनियममा व्यवस्था भएबमोजिम सञ्चालित व्यवसायिक क्रियाकलापलाई सम्झनु पर्छ ।

(द) **"सञ्चालक "** भन्नाले समितिको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ध) **"सदस्य"** भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

(न) **"समिति"** भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(प) **"सहकारी मूल्य"** भन्नाले स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारीसम्बन्धी मूल्यलाई सम्झनु पर्छ ।

(फ) **"सहकारी विभाग"** भन्नाले काठमाडौं महानगरपालिका नगर कार्यपालिका अर्न्तगतको सहकारी क्षेत्र हेर्ने प्रशासनिक एकाईलाई सम्झनु पर्छ ।

(ब) **"सभा"** भन्नाले काठमाडौं महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(भ) **"सहकारी सिद्धान्त"** भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारीबीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारीसम्बन्धी सिद्धान्तलाई सम्झनु पर्छ ।

(म) **"साधारण सभा"** भन्नाले सहकारी संस्थाको साधारण सभालाई सम्झनु पर्छ ।

(प) **"सेयर"** भन्नाले सहकारी संस्थाको सेयर पुँजीको अंशलाई सम्झनु पर्छ ।

